अप्रिल १९, २०२५

# विवाहका चित्रणहरू





"अनि ती स्वर्गदूतले
मलाई भने, “यो लेख,
थुमाका विवाहको
भोजमा निमन्त्रणा
पाउनेहरू धन्यका
हुन्।” तिनले फेरि
मलाई भने,
“परमेश्वरका सत्य
वचनहरू यी नै हुन्।”
प्रकाश १९:९।



परमेश्वरका जनहरू परमेश्वरका पत्नी वा दुलही भनेर दुवै पुरानो र नयाँ करारमा बारम्बार दोहोऱ्याइएको छ।

कहिलेकाहीँ यो एकतालाई विवाहको प्रतीक मानेको छ। तिनीहरूमा रेबेका जस्तो विश्वासी पत्नी र विश्वासघात गर्ने गोमर जस्तो।

अरू समयमा विश्वासी पत्नीहरू वा थुमाकी दुलही वा बेश्या स्त्रीहरू वा महान् बेबिलोन भनेर सिधैं इङ्गित गरेको छ।










- विवाहको चित्रण
- विश्वासघाती पत्नीहरू
  - त्यागिएकी युवती
  - होशेकी श्रीमती
  - महान् बेबिलोन
- विश्वासी पत्नीहरू
  - रेबेका
  - थुमाकी दुलही

# विवाहको चित्रण

"यसैकारण मानिसले आफ्ना आमा-बाबुलाई छोड्छ र आफ्नी पत्नीसँग मिलिरहन्छ, र तिनीहरू एउटै शरीर हुन्छन्।" उत्पत्ति २:२४।

जब परमेश्वरले मानव जीवनलाई सृष्टि गर्नुभयो तब उहाँले दुई उपहारहरू दिनुभएको थियो साबथ (उत्पत्ति २:२-३) र विवाह (उत्पत्ति २:२४)। ती दुवै संस्था परेमश्वर र पुरुष र स्त्रीका बिचमा हुनुपर्ने सम्बन्धसँग गाँसिएको छ।





सिद्ध र परिपक्व स्थितिमा त्रीएक परमेश्वरका बीचमा हुने सम्बन्धलाई वैवाहिक जीवनले प्रतिबिम्बित गर्दछ। पापपछि, यो सिद्ध पति येशू ख्रीष्ट र दोषी पत्नी चर्चको बीचमा हुने सम्बन्ध प्रतीकको रूपमा लिइन्छ (एफिसी ५:३१-३२)।

त्यसकारण बाइबलमा, पतिहरूले पत्नीहरूका परिपक्व वा सिद्ध प्रेम पाउन पतिहरूले सङ्घर्ष गरेका उदाहरणहरू पाइन्छ।। ती वैवाहिक जीवन्को उदाहरणबाट, हामीले पनि कसरी सिक्ने भनेर हामी हेर्न सक्छौं किनकि हामी पति र पत्नी सिद्ध वा परिपक्व छैनौं।

| | | |
|---|---|---|
| तपाईँले आफ्नो जोडीलाई क्षमा दिनु, उनी जतिसुकै अयोग्य भएतापनि | → | हामी क्षमा पाउन जतिसुकै अयोग्य भएतापनि आफ्ना जोडीलाई ख्रीष्टले जस्तै क्षमा दिनु पर्छ |
| तपाईँको जोडीमा जतिसुकै कमी कमजोरी र दोष भएतापनि उनलाई स्विकार्नू | → | जसरी हामीमा भएको दोष, कमीकमजोरी सबै नकारात्मक गुणहरू भएतापनि येशूले हामीलाई ग्रहण गर्नुहुन्छ |
| तपाईँको जोडीलाई आफूलाई भन्दा अपार स्थानमा राख्नुहोस् | → | जसरी येशूले पनि उहाँलाईभन्दा हामीलाई अगाडि राख्नुभयो |



# विश्वासघाती पत्नीहरू

# त्यागिएकी युवती



"म तेरो छेउबाट भएर जाँदा मैले तँलाई प्रेम गर्ने अवस्थामा पुगेकी देखें। तब मैले मेरो वस्त्रको छेउ तँमाथि ओढ़ाएर तेरो नग्नता ढाकिदिएँ। मैले तँसित बाचा बाँधें र करार पनि गरें, र तँ मेरो भइस्, परमप्रभु परमेश्‍वर भन्‍नुहुन्छ।" इजकिएल १६:८।



इजकिएलले देखेका दिव्य दर्शनमा परमेश्‍वरले उनलाई बाटोमा फैंकिएको बालिकालाई (इस्राएल): उनलाई जीवन दिनुभयो; उनी हुर्किन्; उनीसँग वैवाहिक करार बाँध्नुभयो; सबैले तारिफ गर्ने उनी महारानी भइन् (इजकिएल १६:१-१४)।

यो प्रेम कथाको सारांश यही हो: जब इस्राएलीहरू मिश्र देशबाट निस्केर आए तब तब ती जनहरूसँग उहाँले करार बाँध्नुभएको थियो। तिनीहरूलाई दाउद र सोलोमनको राज्यकालसम्म सुनौलो युगमा प्रवेश गराउनुभएको थियो। त्यसबेला सारा राष्ट्रहरूले इस्राएलको तारिफ गर्दथे (१ राजा १०:१)।

तर आफूसँग भएको सौन्दर्यता परमेश्‍वरका उपहार हुन् भनेर इस्राएलीहरूले बिर्से। तिनीहरू परमेश्‍वरको सुन्दरतालाई प्रतिबिम्बित गर्नुपर्थ्यो (इजकिएल १६:१५-१७)।

परमेश्‍वरका असल गुण र गौरवलाई प्रतिबिम्ब गर्न हामीलाई सृष्टि गरिएको थियो। जब हामीमा भएका सबै सुन्दरता, गुण र इज्जत हामी आफैले गर्दा भएको हो भनेर सोच्छौं तब हामी समस्यको धरापमा पर्छौं।











# होशेकी श्रीमती

"जब परमप्रभु होशेद्वारा बोल्न लाग्नुभयो, तब परमप्रभुले तिनलाई भन्नुभयो, “जा, गएर एउटी व्यभिचारिणीलाई विवाह गर्, र त्यसको विश्वासघातबाट पैदा भएका सन्तानलाई आफ्ना बना, किनभने यस देशले परमप्रभुलाई त्यागेर अति घोर व्यभिचारको दोषी भएको छ।” होशे १:२।





होशेलाई आफ्ना पति छोडेकी बेश्या गोमरलाई विवाह गर्नुभन्ने परमेश्वरको आदेशले उहाँ र इस्राएलका बीचमा भएको सम्बन्धको प्रतीकको भन्डाफोर भएको देखाएको थियो (होशे १:२)

आफ्नी श्रीमतीको प्रेम आफूतिर फर्काउन होशेले धेरै प्रयासहरू गरेका थिए (होशे २:६-७,१४-१५)। ती प्रयासहरू असफल भएपछि होशेले उनको मुक्ति धन तिरेका थिए (होशे ३:२-३)।

हुन त परमेश्वरले हाम्रो निम्ति तिर्नुभएको मुक्ति धन "ओजनको वा १५ चाँदी र अढ़ाइ मुरी जौ" भन्दा ठुलो मोल थियो। होशे ३:२।

दुर्भाग्यवस, चर्चले पनि इस्राएलले जस्तै दुर्गतीको बाटोमा हिँडेका थिए। तर परमेश्वरको प्रेम बदल भएको थिएन (होशे ११:४)। हाम्रो बेश्यावृति त्यागेर उहाँकहाँ फर्किन उहाँले बारम्बार आह्वान गरिरहनुभएको छ (होशे १४:१-२; प्रकाश १८:२-४)।





# महान् बेबिलोन

"त्यसको निधारमा एउटा नाउँ लेखिएको थियो: रहस्य पृथ्वीका वेश्याहरू र घिनलाग्दा कुराहरूकी आमा महान् बेबिलोन।" प्रकाश १७:५।



**बेबिलोन को हो वा के हो?**

दागरहित शुद्ध स्त्री परमेश्वरका बफादारी मानिसहरूको प्रतिनिधित्व गर्छ (प्रकाश १२:१; एफिसी ५:२५-२७)। बेबिलोन बेश्याहरूका आमा हुन्। तिनीहरू परमेश्वरका जनहरू हुन् जो उहाँबाट फर्के र यस संसारका शासकहरूमाथि भरोसा राख्छन् (प्रकाश १७:१-५)।

आफ्ना मानिसहरूले विश्वासघात गरेकोले परमेश्वरका हृदय छिया छिया भएको थियो। शताब्दीयौँदेखि उहाँको चर्चलाई शुद्ध पार्न पार्न उहाँले प्रयास गरिरहनुभएको थियो। तर केवल थोरै मात्र उहाँतिर फर्के। अन्तमा उहाँले अन्तिम अनुरोध गर्नु हुने भएको थियो (प्रकश १८:४)।





विश्वसाघातबाट पुनर्मिलन त  गर्न सक्नेभएको थियो। तर दुर्भाग्यवस, त्यो पुनर्मिलन नहुन चरम बिन्दुमा पुग्दा पुनर्मिलन हुन असम्भव भएको थियो।

अनि समय आउने छ जब बेबिलोन र उनीसँग रहिरहेका मानिसहरूका न्याय हुनेछ र दण्ड दिइनेछ (प्रकाश १९:६-८)। तर थुमाकी विश्वासी दुलही सदा कालसम्म येशूसँग रहनेछिन् (प्रकाश १९:६-८)।



# विश्वासी पत्नीहरू

# रेबेका

""अनि तिनीहरूले रिबेकालाई डाकेर भने, "के तिमी यस मानिसको साथमा जान्छयौ?" तिनले भनिन्, "म जान्छु।" उत्पत्ति २४:५८।



त्यसबेलाको चलन अनुसार अब्राहमले आफ्नो छोरो इसहाकलाई दुलही पाउन उनले उनका विश्वासी सेवकलाई हजारौं माइल टाढा पठाएका थिए। कनानीहरूमध्येबाट स्त्री चुन्नुभन्दा उनले आफ्ना आफन्तहरूकहाँ इसाहकका निम्ति दुलही खोज्न सेवकलाई पठाएका थिए (उत्पत्ति २४:२-३)।

त्यसको कारण के हो त? अब्राहमका आफन्तहरूले सत्य परमेश्वरलाई परिपक्व तरिकाले नपुजेतापनि कनानीहरूले उहाँलाई अस्वीकार गरेका थिए। यदि इसहाकले कनानी स्त्रीलाई विवाह गरेको भए उनको धार्मिक जीवन स्त्रीको नकारात्मक प्रभावको कारणले खस्किन्थ्यो।

चर्चको इतिहास पनि त्यस्तै खालको छ। उनले संसारका राष्ट्रहरूसँग वैवाहिक सम्बन्ध राखेको थियो। विस्तारै उनी सत्य आस्थाबाट पर रहन थालेको थियो।

त्यस समयको चलन अनुसार जब रेबेकासँग विवाह गर्न मञ्जुर मागिएको थियो तब उनको अर्को रोजाइ थिएन (उत्पत्ति २४:५०-५१, ५७-५९)।

परमेश्वरका बफादारी दुलही हुनु स्वेच्छाको मामिला हो। येशूको प्रेमलाई हामीले स्वीकारौं र हामीले पनि स्पष्ट हिसाबले "जान्छु" भनौं।





# थुमाकी दुलही

"हामी रमाऔं र अत्यन्त खुशी होऔं, र उहाँलाई महिमा दिऔं! किनकि थुमाका विवाहको दिन आएको छ, र उहाँकी दुलही स्वयम् तयार भएकी छिन्।" प्रकाश १९:७।



आफ्नो पहिलो आश्चर्य वा अलौकिक काम विवाहको महोत्सवमा गर्नुभएको थियो (यूहन्ना २:१-११)। हाम्रो दृष्टिकोणमा यस कामले मुक्तिको योजनालाई केही हदमा बुझाउने प्रतीक हो।

शायद अत्यन्तै महत्त्वपूर्ण सन्देश त यो छ उहाँका दुलही (हामी) विवाहका निम्ति तयार हुनुपर्छ। उहाँले नै दाखरस हामीलाई उपलब्ध गराउनुहुनेछ। त्यो उहाँको शुद्ध गर्ने रगत हो (यूहन्ना २:६; प्रकाश ७:१४)।



उहाँको सिघ्र आगमनको निम्ति तयार हुन येशूले विवाहको अर्ती कथा भन्नुभएको थियो। त्यसमा दुलहीको बारेमा केही उल्लेख गरिएको छैन तर निम्तो पाउने पाहुनाहरूको मात्र छ। तर ती पाहुनाहरू दुलही आफै हुन सक्छिन् त?

**यस अर्ती कथाबाट हामी के सिक्न सक्छौं?**

- पवित्र आत्मा हुनु
- तपाईँलाई गरेको बोलाहतलाई स्वीकार गर्नुहोस्

**दश कन्या केटीहरू**
**(मत्ती २५:१-१३)**



- सबैलाई विवाहमा आउन निम्तो दिएको थियो
- हामी येशू वस्त्र धारण गर्नैपर्छ

**अयोग्य पाहुना**
**(मत्ती २२:१-१४)**



“"सबैसँग परिचित र दैनिक साथी ख्रीष्ट हुनुभएको थियो। तिनीहरू उहाँसँग घनिष्ठ सम्बन्ध राखेका थिए। तिनीहरूले परमेश्वरसँग निरन्तर रूपमा सम्पर्कमा रहेका थिए। तिनीहरूमाथि परमेश्वरका तेज वा महिमा चम्किएको थियो। येशू ख्रीष्टका अनुहारमा भएको परमेश्वरको महिमाको ज्ञान प्रतिबिम्बित भएको थियो। अब तिनीहरू परमेश्वरको चमक र महिमा कहिल्यै मधुर नहुने किरण भएकोले तिनीहरू खुशी मनाउन सकेका थिए। तिनीहरू स्वर्गसँग आदान प्रदान गर्न तयार थिए। तर अहिले नै तिनीहरूका हृदयमा स्वर्ग हुनुपर्छ।"

एलेन जी. ह्वाइट, रिफ्लेक्टिङ्ग जीसस, जुलाइ १७।